नेपाल सरकार

उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय

**जल तथा मौसम विज्ञान विभाग**

# जलवायु प्रकोप समुत्थान निर्माण आयोजना

# चट्याङ्ग सम्बन्धि संजाल (Lightening Detection Network) : एक परिचय

जलवायु प्रकोप समुत्थान निर्माण आयोजना, जल तथा मौसमी सूचना लाई भरपर्दो, विश्वसनीय र उही समयमा उपयोगकर्तालाई प्रदान गर्ने उद्देश्यले सन् २०१३, जुन बाट संचालन भई अन्तिम चरणमा रहेको छ । यस आयोजनाका विभिन्न क्रियाकलापहरु मध्ये चट्याङ्ग सम्बन्धि संजालको स्थापना देशका विभिन्न नौ स्थानमा भैसकेको छ ।

चट्याङ्ग सम्बन्धि संजाल (Lightening Detection Network) ले Thunderstorm बाट पर्न जाने चट्याङ्गलाई पहिचान गर्न सक्छ र चट्याङ्ग पार्ने बादल र उक्त बादल रहेको स्थान सहितको जानकारी समेत प्राप्त गर्दछ। यस जलवायु प्रकोप समुत्थान निर्माण आयोजना अन्तर्गत देशका विभिन्न नौ स्थानहरु; त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल, तुम्लीङ्गटार विमानस्थल, बिराटनगर विमानस्थल, सिमरा विमानस्थल, भैरहवा विमानस्थल, पोखरा विमानस्थल, नेपालगंज विमानस्थल, सुर्खेत विमानस्थल र कैलालीको अत्तरीयामा चट्याङ्ग मापक उपकरणहरु जडान गरी चट्याङ्ग सम्बन्धि संजाल संचालनमा रहेको छ जसले देशको जुनसुकै स्थानमा परेको चट्याङ्गलाई अवलोकन गर्न सक्छन ।

यस संजालले विभिन्न समय तथा स्थानमा परेको चट्याङ्गको अवलोकन गर्ने तथा ती सुचनाहरुलाई अद्यावधिक गरी राख्ने भएकाले चट्याङ्गका जोखिम क्षेत्रहरुको पहिचान समेत हुन्छ जसवाट पूर्व सावधानी अपनाउन मद्दत मिल्छ । साथै, यस संजालले वादल भित्र परेको चट्याङ्ग र वादलबाट जमीनमा परेको चट्याङ्ग पनि छुट्याउन सक्नुका साथै चट्याङ्ग परेको स्थान र समय समेत अद्यावधिक गरी राख्ने भएकाले कुन

स्थानको कुन समयमा चट्याङ्गको वढी जोखिम छ भन्ने आधारमा जनचेतनामुलक कार्यक्रम संचालन गरी जनधनको क्षतिलाई न्यूनिकरण गर्न सकिन्छ। यस वाट प्राप्त तथ्याङ्कले चट्याङ्ग वाट हुने क्षतिको विमा दावी तथा भुक्तानीका लागि समेत सहयोग मिल्छ। यसले चट्याङ्ग पार्ने Thunderstorm कहाँ छ र कुन दिशातर्फ जाँदैछ भन्ने एक घण्टा सम्मको जानकारी दिने भएकाले मौसम पूर्वानुमान लगायत हवाइ मौसमी सेवामा समेत टेवा पुग्ने अपेक्षा गरीएको छ।






**पत्राचारको लागि**

जल तथा मौसम विज्ञान विभाग

**जलवायु प्रकोप समुत्थान निर्माण आयोजना**

पो.ब.नं. ४०६, नक्साल, नागपोखरी, काठमाण्डौ

फोन नं. : ०१-४४३३४७७

इमेल: ppcr.brch@dhm.gov.np वेब: brch.dhm.gov.np